## आकाशवाणी समाचार- नेपाली

मितिः ०३ दिसम्बर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

**१.** राष्ट्रपति द्रौपदी मुर्मु पाँच दिवसीय भ्रमणमा हिज साँझ आफ्नो गृह राज्य ओडिशा पुग्नु भयो ।

**२.** रक्षा अधिग्रहण परिषदले २१ हजार ७ सय ७२ करोड रुपियाँभन्दा बढीका पाँचवटा प्रस्ताव स्वीकृत गरेको छ।

**३.** आज नौसेना दिवस हो, भारतीय नौसेनाको भूमिका र उपलब्धिहरूलाई मान्यता दिन हरेक वर्ष ४ दिसम्बरमा यो दिवस मनाइन्छ।

**४.** लोकसभा सचिवालयले संसद भवनको प्रवेशद्वार अगाडि विरोध प्रदर्शन नगर्न सांसदहरुलाई आग्रह गरेको छ।

**५.** महाराष्ट्रमा भारतीय जनता पार्टी विधायक दलको नेता चयन गर्न आज मुम्बईमा नवनिर्वाचित विधायकहरूको बैठक हुनेछ।

**राष्ट्रपति द्रौपदी मुर्मु**

राष्ट्रपति द्रौपदी मुर्मु पाँच दिवसीय भ्रमणमा हिज साँझ आफ्नो गृह राज्य ओडिशा पुग्नु भयो । भुवनेश्वरमा उहालाई राज्यपाल रघुवर दास, मुख्यमन्त्री मोहनचरण माझी र अन्य वरिष्ठ व्यक्तित्वले स्वागत गरेका थिए। राष्ट्रपतिले आज पुरीको ब्लू फ्ल्याग बीचमा भारतीय नौसेना दिवस समारोह र अन्य कार्यक्रममा भाग लिनु हुनेछ।

****** ० ******

**रक्षामन्त्री**

रक्षा अधिग्रहण परिषदले २१ हजार ७ सय ७२ करोड रुपियाँभन्दा बढीका पाँचवटा प्रस्ताव स्वीकृत गरेको छ। नयाँ दिल्लीमा रक्षामन्त्री राजनाथ सिंहको अध्यक्षतामा बसेको परिषद्ले नौसेनाका लागि ३१ नयाँ वाटर जेट फास्ट अट्याक क्राफ्ट किन्ने विषयलाई अनुमोदन गरेको छ।

****** ० ******

**इसरो-पीएसएलवी सी 59 लन्च**

भारतीय अंतरिक्ष अनुसंधान संगठन-इसरोले आज आंध्र प्रदेशको श्रीहरिकोटाको सतीश धवन अंतरिक्ष केन्द्रबाट अपरान्ह चार बजेर आठ मिनटमा पीएसएलवी-सी59-प्रोबा-3 का प्रक्षेपण गर्नेछ। PSLV-C59 ले युरोपेली अन्तरिक्ष एजेन्सीको Preba-3 उपग्रहहरूलाई उच्च अण्डाकार कक्षमा राख्नेछ। इसरोको व्यावसायिक शाखा न्यू स्पेस इन्डिया लिमिटेडले युरोपेली अन्तरिक्ष एजेन्सीबाट यो आदेश प्राप्त गरेको छ। प्रोबा–३ स्याटेलाइट कक्षामा पुगेपछि दुई भागमा विभाजित हुनेछ। यी उपग्रहहरूले सूर्यको कोरोना, यसको वरपरको वायुमण्डल, अन्तरिक्ष मौसम र सौर्य वायुको अध्ययन गर्नेछन्।

****** ० ******

**नौसेना दिवस समारोह**

पश्चिमी नौसेना कमाण्डका फ्ल्याग अफिसर कमाण्डिङ-इन-चीफ भाइस एडमिरल सञ्जय जे सिंहले हिज नौसेना सप्ताह–२०२४ को वार्षिक पत्रकार सम्मेलनमा सञ्चारकर्मीलाई सम्बोधन गर्नुभएको छ । मुम्बईमा, पश्चिमी फ्लीटको राडार-इभडिङ विनाशक - I.N.S. मोरमुगाओमा आफ्नो उद्घाटन सम्बोधनमा उहाले पश्चिमी नौसेना कमाण्ड-डब्लु.एन.सी.को जिम्मेवारीमा जोड दिनु हुदै परिचालन क्षेत्रहरूमा समुद्री सुरक्षा सुनिश्चित गर्न र राष्ट्रिय हितको रक्षा गर्न जहाज, पनडुब्बी र विमानको व्यापक तैनातीबारे प्रकास पर्नु भयो I नौसेना दिवस समारोहको एक भागको रूपमा, मुम्बई पनि अन्य समुद्री गतिविधिहरुसंग आज एक रोमाञ्चक एयर शो होस्ट गर्दैछ। आज अपराह्न ४ बजेदेखि गेटवे अफ इन्डियामा समापन समारोह हुनेछ।

****** ० ******

**संसद-व्यवधान**

लोकसभा सचिवालयले संसद भवनको प्रवेशद्वार अगाडि विरोध प्रदर्शन नगर्न सांसदहरुलाई आग्रह गरेको छ । संसद सचिवालयले यस्ता गतिविधिले सदनको बैठकमा सांसदहरुको आवतजावतमा बाधा पुग्ने गरेको बताएको छ । यस सम्बन्धमा लोकसभाका अध्यक्षले जारी गरेको निर्देशनप्रति पनि सचिवालयले ध्यानाकर्षण गराएको छ । लोकसभा सचिवालयले संसदको प्रवेशद्वारलाई हस्तक्षेपमुक्त राख्नु सांसदको सुरक्षाका लागि पनि महत्वपूर्ण रहेको बताएको छ ।

****** ० ******

**कांग्रेस-चुनाव आयोग**

पार्टी नेता अभिषेक मनु सिङ्भीको नेतृत्वमा कांग्रेसको प्रतिनिधिमण्डलले हिज निर्वाचन आयोगलाई भेट गरेको छ । प्रतिनिधिमण्डलले भर्खरै सम्पन्न महाराष्ट्र विधानसभा चुनावसँग सम्बन्धित मुद्दाहरू उठाएको छ । बैठकपछि पत्रकारहरुसँग कुरा गर्नु हुदै सिंहवीले समानुपातिकमा निर्वाचन हुन नसके लोकतन्त्र र संविधानको आधारभूत संरचनामा असर पर्ने बताए । उहाले प्रतिनिधिमण्डलले लोकसभा र विधानसभा चुनावको पाँच महिनाको अवधिमा मतदाता नामावलीमा नाम मेटाउने र थप्ने विषय उठाएको बताउनु भयो । उहाले कांग्रेस पार्टीले बुथ र विधानसभा क्षेत्रको कच्चा तथ्याङ्क आयोगसँग माग गरेको बताउनु भयो । उहाले महाराष्ट्रमा मतदानको दिन मतदान प्रतिशत डाटाको मुद्दा पनि उठाउदै र स्पष्टताका लागि कच्चा डाटाको माग गर्नु भयो । कांग्रेसले महाराष्ट्र चुनावमा चिन्ता व्यक्त गरेपछि निर्वाचन आयोगले प्रतिनिधिमण्डललाई निम्तो दिएको थियो। निर्वाचन आयोगले महाराष्ट्रमा अपनाइएका सबै निर्वाचन प्रक्रियाहरू पारदर्शी भएको दाबी गरेको थियो र यसले कांग्रेस पार्टीले झण्डा लगाएका सबै वैध सरोकारहरूको समीक्षा गर्ने आश्वासन दिएको थियो। आयोगले प्रत्येक चरणमा उम्मेदवार वा तिनका एजेन्टको सहभागितामा प्रक्रिया पारदर्शी भएको दोहोर्‍यायो। सबै राजनीतिक दलको सहभागितामा पारदर्शी मतदाता नामावली अद्यावधिकको प्रक्रिया थालिएको दाबी गरेको छ ।

****** ० ******

**भारत-सीओपी-16**

केन्द्रीय वातावरण, वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले भूमि क्षय र त्यसबाट उत्पन्न हुने पलायनको समस्या समाधान गर्न तत्काल अन्तर्राष्ट्रिय सहकार्य गर्नु पर्नेमा जोड दिनु भएको छ । साउदी अरेबियाको राजधानी रियादमा मरुभूमिकरण विरुद्ध लड्न संयुक्त राष्ट्र संघको महासन्धिमा सहभागी राष्ट्रहरूको १६औँ सम्मेलनलाई सम्बोधन गर्नु हुदै श्री यादवले यस्तो बताउनु भएको हो । सम्मेलनमा भारतले जमिनको गुणस्तरमा ह्रास रोक्न विकासशील देशहरूसँग प्राविधिक प्रगति साझेदारी गर्न जोड दिएको थियो। वातावरण तथा जलवायु परिवर्तन मन्त्रीले दिगो विकास लक्ष्य हासिल गर्न यो सहकार्य आवश्यक रहेको बताउनु भयो । उहाले पलायनको समस्या विशेष गरी जोखिममा परेका समुदायहरूमा भूमि क्षयको प्रभावलाई उल्लेख गर्नु भयो । भारतले यी चुनौतिहरूको सामना गर्न क्षेत्रीय सहयोग र प्रकृतिमैत्री समाधान आवश्यक भएको बताउनु भएको छ।

****** ० ******

**महापरिनिर्वाण दिवस- तैयारी**

महाराष्ट्रमा भारतरत्न डा.बाबासाहेब अम्बेडकरको महापरिनिर्वाण दिवसको अवसरमा ६ दिसम्बरमा हुने कार्यक्रमको तयारीको समीक्षा गर्न दादरमा विशेष बैठक सम्पन्न भयो । भिडियो कन्फरेन्स मार्फत भएको बैठकमा राज्यका कार्यवाहक मुख्यमन्त्री एकनाथ शिन्दे लगायत अन्य मन्त्रीहरू उपस्थित थिए। उहाले पर्वका लागि आउने भक्तजनका लागि विभिन्न ठाउँमा टेन्ट, स्वास्थ्य सुविधा, पर्याप्त शौचालय, पीउने पानी र पिउने पानीको व्यवस्था गर्न निर्देशन दिनु भएको छ । श्री शिन्देले ठूलो जमघटलाई व्यवस्थित गर्न प्रशासनलाई तयार रहन निर्देशन दिनु भएको छ ।

****** ० ******

**महाराष्ट्र-भाजपा बैठक**

महाराष्ट्रमा भारतीय जनता पार्टी विधायक दलको नेता चयन गर्न आज मुम्बईमा नवनिर्वाचित विधायकहरूको बैठक हुनेछ। भारतीय जनता पार्टीले वित्तमन्त्री निर्मला सीतारमण र गुजरातका पूर्व मुख्यमन्त्री विजय रुपाणीलाई बैठकको पर्यवेक्षकमा नियुक्त गरेको छ । नयाँ मुख्यमन्त्रीको सपथ ग्रहण भोलि साँझ ५ बजे दक्षिण मुम्बईको आजाद मैदानमा हुनेछ। यस अवसरमा प्रधानमन्त्री

नरेन्द्र मोदीको उपस्थिति हुनुहुनेछ । पूर्व मुख्यमन्त्री देवेन्द्र फडणवीस मुख्यमन्त्री पदका लागि अग्रपंक्तिमा छन् । भर्खरै सम्पन्न विधानसभा चुनावमा भाजपा नेतृत्वको महायुती गठबन्धनले भारी बहुमत हासिल गरेको थियो।

****** ० ******

**मध्य प्रदेश-टाइगर रिजर्व**

केन्द्र सरकारको स्वीकृतिपछि रातपानीलाई मध्य प्रदेशको आठौं बाघ आरक्षण क्षेत्र घोषणा गरिएको छ । मध्यप्रदेशका मुख्यमन्त्री डा मोहन यादवले मध्यप्रदेशका लागि यो ठूलो उपहार भएको बताउनु हुदै अहिले प्रदेश वास्तविक अर्थमा बाघ राज्य बनेको बताउनु भयो ।

****** ० ******

**सीबीआईसी-मीडिया रिपोर्ट**

अप्रत्यक्ष कर र सीमा शुल्क बोर्डले विभिन्न वस्तु तथा सेवाहरूमा जीएसटी दर परिवर्तन गर्न सिफारिस गरेको मन्त्री समूहको प्रतिवेदनलाई अस्वीकार गरेको छ। बोर्डले भनेको छ GST काउन्सिलले मन्त्रीहरूको समूहबाट त्यस्तो कुनै सिफारिस प्राप्त गरेको छैन र न त GST दरमा कुनै परिवर्तनलाई विचार गरिएको छ। बोर्ड अनुसार वित्तमन्त्रीको अध्यक्षतामा रहेको GST काउन्सिल र सबै राज्य र केन्द्र शासित प्रदेशका मन्त्रीहरूले मात्र दरमा परिवर्तनको सिफारिस गर्न सक्छन्। मन्त्री समूहमा बिहार, उत्तर प्रदेश, राजस्थान, पश्चिम बंगाल, कर्नाटक र केरलाका मन्त्रीहरू छन्। बिहारका मुख्यमन्त्री यसको संयोजक हुन्।

****** ० ******

**दक्षिण कोरिया- मार्शल ल**

दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओलले आपतकालीन मार्शल -ल हटाउने घोषणा गर्नु भएको छ । संकटकाल घोषणा भएको लगभग ६ घण्टापछि मन्त्रिपरिषद्ले उक्त प्रस्तावलाई स्वीकृत गरेको हो । संयुक्त चिफ अफ स्टाफले सबै सेना फिर्ता भएको र सामान्य स्थिति पुनर्स्थापित भएको पुष्टि गरेको छ। मार्शल ल - को घोषणा पछि, दक्षिण कोरियाको विपक्षी डेमोक्र्याटिक पार्टीका एक नेताले राष्ट्रपतिलाई देशद्रोहको आरोप लगाउदै र उनको तत्काल राजीनामा माग गरेका छन् ।यसअघि अबेर राति टेलिभिजन सम्बोधन गर्नु हुदै राष्ट्रपतिले उत्तर कोरियाको कम्युनिष्ट शक्तिबाट राष्ट्रलाई जोगाउन र राष्ट्रविरोधी तत्वहरूलाई हटाउन आपतकाल आवश्यक भएको बताउनु भएको थियो ।

****** ० ******

**ब्रिटेन-बंगलादेश यात्रा परामर्श**

बंगलादेशमा आतंकवादी हमलाको सम्भावनालाई मध्यनजर गर्दै ब्रिटेनले नयाँ यात्रा परामर्श जारी गरेको छ । ब्रिटेनको विदेश, राष्ट्रमण्डल र विकास कार्यालयले भीडभाड हुने क्षेत्र, धार्मिक स्थलहरू र राजनीतिक र्‍यालीहरू, विदेशी नागरिकहरू घुम्ने ठाउँहरू लगायतका ठाउँहरूमा आतंकवादी हमला हुन सक्ने आशंका गरेको छ ।परामर्शमा बंगलादेशका केही कट्टरपन्थी समूहहरूले इस्लामिक विचारधाराबाट भिन्न हुनेहरूलाई निशाना बनाएको बताएको छ। अल्पसंख्यक धार्मिक समुदायमाथि आतंकवादी हमला भएका छन् र पुलिस र सुरक्षा बललाई पनि निशाना बनाइने गरेको छ ।ब्रिटेनले जुलाई अनि अगस्टमा बंगलादेशको राजनीतिक अवस्थाका बारे अवगत गराउदै त्यहाँ व्यापक हिंसा भएको जसमा धेरै मानिसको मृत्यु भएको अनि धेरै घाइते भएको बताएको थियो ।

****** ० ******

**हकी जूनियर- एशिया कप**

ओमानको मस्कटमा जारी जुनियर एसिया कप हक्कीमा मलेसियालाई ३–१ गोल अन्तरले पराजित गर्दै वर्तमान च्याम्पियन भारत फाइनलमा प्रवेश गरेको छ । भारतका लागि दिलराज सिंह, रोहित र शारदानन्द तिवारीले गोल गरे । आज फाइनलमा भारतले पाकिस्तानको सामना गर्नेछ । पहिलो सेमिफाइनलमा पाकिस्तानले जापानलाई ४–२ ले हराएको थियो ।

****** ० ******